

# स्थानीय तहको उपभोक्ता समितिको क्षमता विकास तथा लेखा सुदृढिकरण

२०७९/२/१९ र २०




प्रस्तुतकर्ता:-
गणेश गुरुङ
लेखा अधिकृत
दक्षिणकाली नगरपालिका

# नमस्कार



# उपभोक्ता समितिको परिचय

कुनै आयोजना निर्माण गरि संचालन वा व्यवस्थापन गर्न साथै मर्मत संभार गर्नुपर्ने भए सो समेत गर्न सम्वन्धी सेवाबाट प्रत्यक्ष लाभ पुग्ने गरी सोहि स्थानमा आफ्नो घर भएको बासिन्दाहरुले आम भेलाबाट गठन भई सम्वन्धीत स्थानीय तहमा दर्ता भएको समिति सम्झनु पर्दछ ।

# लेखाको परिचय

- आर्थिक कारोवार देखिने गरि कानून वमोजिम राखिएको खाता, किताव, अभिलेख र सो कारोवारलाई प्रमाणित गर्ने अन्य कागजातलाई जनाउदछ । (लेखापरीक्षण ऐन २०४८, दफा २)

# अन्तिम लेखापरीक्षणको परिचय

अन्तिम लेखापरीक्षण भन्नाले नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेतको आधारमा महालेखा परीक्षकको कार्यालयबाट हुने लेखा परीक्षण सम्झिनुपर्दछ ।

# उपभोक्ता समितिको व्यवस्था तथा खरिद तथा निर्माण सिमा

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ तथा नियमावली, २०६४ को नियम ९७
- दक्षिणकाली नगरपालिकाको उपभोक्ता समिति गठन, संचालन तथा व्यवस्थापन कार्यविधि
- दक्षिणकाली नगरपालिकाको आर्थिक ऐन
- सार्वजनिक खरिद अनुगमन कार्यालयद्वार जारी उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत सार्वजनिक निर्माण कार्य गराउने सम्वन्धी कार्यविधि,२०७८

# उपभोक्ता समितिको लागत सहभागिता

- नगद सहभागिता
- श्रम सहभागिता
- वस्तुगत सहभागिता

# उपभोक्ता समिति समावेश हुने योजना तथा कार्यक्रमहरु

१.निशर्त अनुदान तर्फ

- वडागत योजना तथा कार्यक्रम
- नगरस्तरिय योजना तथा कार्यक्रम

२. प्रदेश पूर्वाधार विकास योजना

३. स्थानीय पूर्वाधार विकास योजना

# उपभोक्ता समितिको योजनामा तथा कार्यक्रममा सहभागिता

१. वार्षिक वजेटमा उल्लेखित शिर्षकमा वजेट विनियोजन हुनुपर्ने,

२. वडा कार्यालयबाट उपभोक्ता समिति गठन भई वडा प्राविधिकबाट लागत अनुमान तयार गरि वडा कार्यालयको सिफारिस साथ सम्झौताको लागी पेश हुनुपर्ने

- वडागत योजनाको हकमा वडामा र
- नगरस्तरिय योजनाको हकमा नगरपालिकामा सम्झौता हुने,

# उपभोक्ता समितिको योजनामा तथा कार्यक्रममा सहभागिता....

३.कार्यदिश प्राप्त गरि तोकिएको समयावधि भित्र कार्य सम्पन्न गरि सक्नुपर्ने

४. वडाको हकमा वडास्तरिय अनुगमन समितिद्वारा अनुगमन भएको र नगरस्तरिय योजनाको हकमा उप प्रमुखको संयोजकत्वमा भएको अनुगमन टोलिद्वारा अनुगमन हुनुपर्ने ।

५. योजनाको लागत सार्वजनिकीकरण गरि सार्वजनिक परीक्षण फाराम पेश गर्नुपर्ने

६.योजना सम्पन्न भए पश्चात उपभोक्ता समितिले निर्णय गरि भूक्तानीको लागी माग गर्नुपर्ने

# उपभोक्ता समितिको योजनामा तथा कार्यक्रममा सहभागिता ......

७.योजना सम्पन्न गराइ भूक्तानीको लागी पेश गर्नुभन्दा अगाडि लागत अनुमान, मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन र नापी निर्माण भएको छ/छैन यकिन गरेर योजना शाखामा पेश गर्न,

८.योजना शाखाबाट भूक्तानीको लागी टिप्पणी उठेपछि सो साथ आर्थिक प्रशासनमा पेश हुने ।

# पेश गर्नुपर्ने कागजात

योजनाको प्राविधिक कागजात वाहेक तपशिल वमोजिमले थप कागजात पेश गर्नुपर्नेछ

- विल
- डोर हाजिरी
- फोटो
- कोटेशन
- छाप तथा वैंक खाता नं.
- चेकको फोटोकपि

# विल

- निर्माणको हकमा विल VAT विल नै हुनुपर्ने ।
- सम्झौता मिति र कार्य सम्पन्न मिति विचको विल हुनुपर्ने ।
- विलमा अनिवार्य रुपमा विक्री कर्ताको हस्ताक्षर हुनुपर्ने ।
- विलको मिति सच्याइएको वा केरमेट भएको भए विक्री कर्ताले छाप लगाइ हस्ताक्षरद्वारा प्रमाणित गरेको हुनुपर्ने ।
- विल पेश गर्दा उ.स.ले अनिवार्य विलको पछाडी छाप लगाई प्रमाणित गर्नुपर्नेछ ।

# डोर हाजिरी

- मानविय श्रम लाग्ने भनिएको लागत अनुमानमा मात्र डोर प्रयोग गर्न पाइने ।
- डोरको मान्यता श्रमदान हुनाले उपभोक्ता समिति तर्फको लागत सहभागिता वरावर वा ३०% वा प्राविधिकको लागत अनुमान वमोजिम खन्ने / पुर्ने कार्य भएमा डोरको प्रयोग गर्न सकिनेछ ।
- सम्झौता मिति र कार्य सम्पन्न मिति विचको डोर हाजिरी हुनुपर्नेछ ।
- डोरमा अनिवार्य रुपमा श्रमिकको स्पष्ट विवरण खुलाई, हस्ताक्षर गराइ, प्रमाणित गराउनु पर्नेछ ।

# फोटो

- अनिवार्य रुपमा रंगिन फोटो पेश गर्नुपर्नेछ ।
- फोटो पेश गर्दा ३ प्रकारको हुनुपर्नेछ,
  - निर्माण कार्य सुरुको चरणमा
  - निर्माण कार्यको मध्यावधी समयमा
  - निर्माण कार्यको समापनमा
- फोटो त्यस निर्माण स्थल कहाँ वनेको हो वरिपरीको क्षेत्र समेत स्पष्ट हुनेगरि खिचिएको हुनुपर्नेछ ।
- फोटो छाप लगाइ प्रमाणित हुनुपर्नेछ ।

# कोटेशन

- १ लाख भन्दा माथिको खरिदमा न्यूनतम ३ प्रति कोटेशन पेश गर्नुपर्नेछ तर शिलवन्दी कोटेशन तथा वोलपत्र आह्वान गरी खरिद गर्न नसक्ने हुनाले सो वमोजिमको विशेषता भएको सामाग्री खरिदको लागी न.पा.मा अनुरोध गर्नुपर्नेछ र माग भए वमोजिमको सामाग्री न.पा.ले खरिद गरि हस्तान्तरण गर्नेछ ।
- कोटिशन पेश गर्दा १. बाणिज्य दर्ता २. गत आ.व.को कर चुक्ता प्रमाण पत्र ३. PAN मा दर्ता ४. छाप र हस्ताक्षर सहितको दरभाउ पत्र अनिवार्य पेश गर्नुपर्दछ ।
- कोटेशनबाट खरिद गर्दा न्यूनतमा दर पेश गर्नेबाट खरिद गर्नुपर्दछ तर बजार मूल्य भन्दा अधिक मूल्य निर्माण भई खरिद भई आएमा त्यस्तो विलको भूक्तानी गरिने छैन ।

# छाप तथा वैंक खाता

- उपभोक्ता समितिले सम्झौता गर्ने चरणमा अनिवार्य रुपले छाप निर्माण गरी सम्झौतामा छाप लगाएको तथा सोहि छाप नामबाट वैंकमा खाता खोलिएको हुनुपर्दछ ।


# चेकको फोटोकपि

- प्रदेश पूर्वाधार तथा स्थानीय पूर्वाधार तर्फका योजनाको भूक्तानी कोष तथा लेखा नियन्त्रक कार्यालय त्रिपुरेश्वरबाट हुने भएको तथा सो भूक्तानी Electronic Fund Transfer हुने हुँदा उपभोक्ता समितिको चेकको फोटोकपि पेश गर्नुपर्ने ।

# काटिने करको जानकारी

१. ३% कन्टिजेन्सी कर
२. १.५% अग्रिम आयकर
३. १% सामाजिक सुरक्षा कर
४. यदि प्राविधिकद्वारा पेश भएको VAT वमोजिमको विल प्राप्त नभएमा आवश्यक VAT कट्टा थप गरिनेछ ।
५. यदि उपभोक्ता समिति र नगरपालिकाको कुल लागत सहभागिता भन्दा कमको विल तथा ड्रोर पेश हुन आएमा जति रकमले कम आएको हो त्यति नै रकम पुन कट्टा गरिनेछ ।
६. यदि निर्माण कार्यमा न.पा.को डोजर प्रयोग गरिएको छ र त्यसको कर तिरीएको छैन भने प्रमाण सहित फेला परेमा प्राविधक विल र जिल्ला दररेट वमोजिम राजश्व कट्टी गरिनेछ ।

# केहि फोटोहरु



कर विजक

**जय बसन्ती निर्माण सेवा प्रा.लि.**

विजक नं. :

दक्षिणकली–३ काठमाडौं कारोवार मिति : २०६९/०२/०१

विक्रेताको करदाता दर्ता नं. : ६०९५८३०२९ बि. जारी मिति : २०६९/०२/१८

क्रेताको नाम : कृषि कुलो तथा बाली उ.स. ठेगाना :

क्रेताको करदाता दर्ता नं. :

भुक्तानीको तरीका : नगद / चेक / उधारो / अन्य

| क्र.सं. S.N. | विवरण Particulars | परिमाण Qty. | दर Rate | रकम Amount रु. Rs. | पै. Ps. |
|---|---|---|---|---|---|
| १. | बालुवा | 4 trip | ४१०० | १६,४०० | |
| २. | सिमेन्ट | ५० बोरा | ६८० | ३४,००० | |
| | | | जम्मा | ५०,४०० | |
| | | | अन्त शुल्क | — | |
| | | | कर लाग्ने मूल्य | ५०,४०० | |
| | | | ............% कर | ६५५२ | |
| | | | कूल जम्मा | ५६,९५२ | |

अक्षरेपी छपन्न हजार नौ सय बाउन्न मात्र

क्रेताको सही ........................ विक्रेताको सही

अनुसूची ७

(कार्यविधिको दफा ७(३) सँग सम्वन्धित)

वडा समिति स्तरीय अनुगमन प्रतिवेदन

मितिः २०७८/१२/०३

श्री दक्षिणकाली नगरपालिका,
फर्पिङ, काठमाडौं ।

**विषय - योजना अनुगमन गरिएको सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा यस नगरपालिका वडा नं. ३ मा यस नगरपालिकाको आ.ब. २०७ /०७ को लागि नगर सभाबाट स्वीकृत भएका तपसिलका योजनाहरुको कार्य सम्पन्न गरि योजना अनुगमनको लागि अनुरोध भई आएको हुँदा देहाय बमोजिमका योजनाहरु यस वडा नं. ३ मा गठित वडा स्तरीय योजना अनुगमन तथा सुपरिवेक्षण समितिबाट मिति २०७८/१२/०३ गते गरेको अनुगमन मार्फत योजनाको कार्य उत्कृष्ट तरिकाले सम्पन्न भएको व्यहोरा सिफारिस गरिन्छ ।

**तपसिल**

| क.सं. | योजनाको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १. | ड्रेन निर्माण, तल्लो बस्नेत | ५,००,०००/- | |

दक्षिणकाली नगरपालिका ३ नं. वडा कार्यालय सैतीदेवी, काठमाडौं बागमती प्रदेश, नेपाल २०७३

**योजना अनुगमन तथा सुपरिवेक्षण समितिका पदाधिकारीहरुः**

संयोजक श्री प्रचण्डमान सिंह बस्नेत

सदस्य श्री लक्ष्मी भण्डारी पौडेल

सदस्य श्री विजय सिंह

सदस्य श्री राम सिंह

सदस्य श्री

प्रचण्डमान सिंह बस्नेत
वडा अध्यक्ष

दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,फर्पिङ काठमाडौं
प्रदेश नं- ३, नेपाल
मूल्याङ्कन

**योजनाको नामःड्रेन निर्माण,तल्लो बस्नेत टोल**
स्थानः दक्षिणकाली नगरपालिका वडा नं - ३, सोखेल

आ.व. २०७८/७९

| सि.न | विवरण | संख्या | लम्बाई | चौडाई | उचाई | परिमाण | युनिट | दररेट | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | **नरम माटोमा खन्ने काम** | | | | | | | | | |
| | **कुलो सफा गर्ने काम** | १ | १३.४१ | 3.000 | १.७५ | 70.4025 | | | | |
| | | १ | ३०. | 3.000 | १.७५ | 157.5 | | | | |
| | | १ | ३०. | 3.000 | १.७५ | 157.5 | | | | |
| | | १ | १२. | 3.000 | १.७५ | 63 | | | | |
| | | १ | ५. | 3.000 | १.७५ | 26.25 | | | | |
| | | १ | ८४. | 3.000 | १.७५ | 441 | | | | |
| | | १ | ४३. | 3.000 | १.७५ | 225.75 | | | | |
| | | १ | २३. | 3.000 | १.७५ | 120.75 | | | | |
| | | १ | ६८. | 3.000 | १.७५ | 357 | | | | |
| | | १ | ७५. | 3.000 | १.७५ | 393.75 | | | | |
| | | १ | १२.५ | 3.000 | १.७५ | 65.625 | | | | |
| | | १ | ९०. | 2.000 | ०.७५ | 135 | | | | |
| | | | | | | 2213.528 | | | | |
| | | | | | | **62.74171** | घ मि | 635.17 | 39851.6514 | |
| २ | **सुख्खा ढुङ्गा सोलिङ** | | | | | | | | | |
| | **कुलो** | १ | १३.४१ | 3.00 | ०.३३ | 13.2759 | | | | |
| | | १ | ३०. | 3.00 | ०.३३ | 29.7 | | | | |
| | | १ | ३०. | 3.00 | ०.३३ | 29.7 | | | | |
| | | १ | १२. | 3.00 | ०.३३ | 11.88 | | | | |
| | | १ | ५. | 3.00 | ०.३३ | 4.95 | | | | |
| | | १ | ८४. | 3.00 | ०.३३ | 83.16 | | | | |

पेश गर्ने
कृष्ण हरि के.सि

चेक गर्ने
ई.मनोज बुढाथोकि

स्विकृत गर्ने

कृषि कुलो तथा बाटो उपभोक्ता समिति २०७८ नगरपालिका-३

classmate
Date ______
Page ______

आज मिति २०७८।०२।०३ गतेका दिन रेन निर्माण, तल्लो बस्नेत टोल योजनाको लागि अनुगमन समितिका संयोजक श्री हरि ब. बस्नेत को संयोजकत्वमा तपसिल बमोजिमका सदस्यहरु को उपस्थितीमा बैठक बसि निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिती

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री हरि बहादुर बस्नेत | संयोजक | हरिबहादुर |
| २. | श्री विश्वम्भर बस्नेत | सदस्य | |
| ३. | श्री संगीता बस्नेत | सदस्य | संगीता |

प्रस्तावहरु :-

१. योजना सम्पन्न भएको सम्बन्धमा ।

निर्णय नं १: प्रस्ताव नं १माथि छलफल गर्दा दक्षिणकालो नगरपालिकाबाट आ.व. ०७८।०७९ मा विनियोजित नगर स्तरिय र अन्य शिर्षक अन्तरगत स्वीकृत रु. ५०००००।- (पाँच लाख) योजनाको ल.इ. बमोजिम उच्च स्तरिय रुपमा कार्य भएको देखिएकोले सोही बमोजिम सिफारिस गर्ने निर्णय गरियो ।

संगीता हरिबहादुर
Bishwambhar

दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं ,बागमती प्रदेश, नेपाल
**कार्य सम्पन्न प्रतिवेदन**

कार्यालयको नामः- दक्षिणकाली नगरपालिका
**योजनाको नामःड्रेन निर्माण,तल्लो बस्नेत टोल**
इष्टिमेटको कुल अंकः- ५५६३००.०८
खर्च भएको कुल अंकः- ४८२५००.००
इष्टिमेट भन्दा घटी बढीः- घटी
घटीबढीको प्रतिशतः-
काम शुरु भएको मितिः-

काम सम्पन्न गर्नुपर्ने मितिः-

सम्पन्न भएको मितिः-

**आ.वः२०७८/७९**

| क्र.स. | कामको विवरण | लागत अनुमान | | | खुद भएको काम | | | फरक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | दर | जम्मा | परिमाण | दर | जम्मा | परिमाण | दर | जम्मा | |
| १ | नरम माटोमा खन्ने काम | 52.68 | 635.17 | 33459.85 | 62.74 | 635.17 | 39851.65 | 10.06 | 635.17 | 6391.80 | |
| २ | सुख्खा ढुङ्गा छाप्ने काम। | 11.59 | 4151.03 | 48107.47 | 13.66 | 4151.03 | 56706.14 | 2.07 | 4151.03 | 8598.67 | |
| 3 | सिमेन्ट कंक्रीटको काम गर्ने (1.2.4) फर्मा सहित | 12.76 | 12197.70 | 155641.68 | 12.56 | 12197.70 | 153221.38 | -0.20 | 12197.70 | -2420.30 | |
| ५ | ढुङ्गाको गारो (1.६) सिमेन्ट बालुवा मसलामा लगाउने काम। | 35.12 | 8280.70 | 290810.30 | 27.78 | 8280.70 | 230077.90 | -7.33 | 8280.70 | -60732.40 | |
| | **जम्मा रकम** | | | 494559.45 | | | 479857.08 | | | | |
| | **भ्याट रकम** | | | 46740.63 | | | 41574.41 | | | | |
| | **कन्टिनजेन्सी ३%** | | | 15000.00 | | | 14475.00 | | | | |
| | **कुल जम्मा रकम** | | | 556300.08 | | | 535906.49 | | | | |
| | **नगरपालिका अनुदान** | | | 500000.00 | | | 482500.00 | | | | |
| | **खुद नगरपालिका अनुदान** | | | 485000.0 | | | 468025.00 | | | | |
| | **उपभोक्ताले व्यहोर्ने** | | | 56300.08 | | | 53406.49 | | | | |

२/१०

पेश गर्ने

चेक गर्ने

स्विकृत गर्ने

| लाभान्वित जनसंख्या | | | |
|---|---|---|---|
| घर परिवार संख्या | महिला | पुरुष | जम्मा |
| ६५ | १६२ | १६५ | ३२७ |

## सम्झौताका शर्तहरु

- सम्झौतामा उल्लेख भएको म्याद भित्र उपभोक्ता समितिले योजना सम्पन्न गरिसक्नु पर्ने छ । कुनै कारणवश योजना सम्पन्न हुन नसकेमा सम्पन्न हुन नसक्नुको कारण सहित म्याद सकिने अवधि भन्दा ७ दिन अगाबै उपभोक्ता समितलि सम्बन्धित स्थानिय तहमा निबेदन दिनु पर्नेछ ।निबेदन प्राप्त भएपछि औचित्यको आधारमा निर्णय गरी सम्झौताको म्याद थप गर्न सकिनेछ । यसरी म्याद थप नगरी भुक्तानी उपलब्ध हुने छैन ।
- योजनाको भुक्तानी स्थानीय तहले प्राबिधिक रनिङ बिलको आधारमा किस्ताको रुपमा वा काम सम्पन्न भएपछि उपभोक्ता समितिले खर्चको विवरण मुल समिति र अनुगमन समितिको बेठक बसी आम्दानी खर्च सार्बजनिक गरी अनुमोदन गरेपछि मात्र उपलब्ध गराइने छ ।
- तोकिएको काम भन्दा कम काम गर्ने वा काम नै नगरी वा वास्तविक काम भन्दा बढी काम गरेको देखाई अथवा कुनै आइटमको सट्टा अर्को आइटमको कार्य पूरा गरेको देखाई लागत अनुमानभन्दा फरक काम गरी रकम माग्ने उपभोक्ता समितिलाई उक्त रकम भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गरिनेछ ।
- योजना संग सम्बन्धित प्राप्त नगद/जिन्सी उपभोक्ता समितिले सम्बन्धित योजनामा मात्र खर्च गर्नु पर्नेछ र प्राप्त नगद/जिन्सीको दुरुपयोग, हिनामिना वा हानी नोक्सानी गरेमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।
- उपभोक्ता समितिले काम सम्पन्न गरिसकेपछि बाँकि रहन गएका खप्ने सामानहरु मर्मत सम्भार समिति गठन भएको भए सो समितिलाई र सो नभए सम्बन्धित स्थानीय तहलाई बुझाउनु पर्नेछ । तर मर्मत सम्भार समितिलाई बुझाएको सामानको विवरणको एक प्रति सम्बन्धित नगरपालिकामा बुझाउनु पर्नेछ ।
- उपभोक्ता समितिले योजनासंग सम्बन्धित विल भर्पाइहरु, डोर हाजिरी फारामहरु, जिन्सी नगदी खाताहरु,समितिको निर्णय पुस्तिका आदि कागजात नगरपालिका वा अन्य सरोकारवाला पदाधिकारीले मागेको बखत उपलब्ध गराउनु पर्ने छ र त्यसको लेखा परीक्षण पनि गराउन सकिनेछ ।
- योजनाको सार्वजनिक परीक्षण, सुचना पाटी, आम्दानी खर्चको सार्वजनिकरण, तथा अन्य पारदर्शिता सम्बन्धी प्रावधानको पालना गर्नु पर्नेछ।
- उपभोक्ता समितिले कार्यदेश लिएर लामो समय सम्म योजना संचालन नगर्ने, योजनाको आय व्ययको विवरण दुरुस्त नराखी रकमको दुरुपयोग गरेमा सरकारी बाँकि सरह असुल उपर गरिने छ ।
- योजना सम्पन्न भएपछि स्थानीय तहबाट जाँच पास गरी फरफारकको प्रमाण पत्र लिनु पर्दछ ।साथै योजना हस्तान्तरण लिई आवश्यक मर्मत संभारको व्यवस्था सम्बन्धित उपभोक्ताहरुले नै गर्नु पर्नेछ।
- यस संझौतामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन अनुसार हुनेछ।
- योजनाको लागि चाहिने आवश्यक कागजात यसै साथ संलग्न गरिएकोछ ।
- उपभोक्ता समितिको पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि संलग्न गरेका छौ ।
- कुनै सामाग्री खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्वर र मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त व्यक्ति वा फर्म संस्था वा कम्पनीबाट खरिद गरी सोही अनुसारको विल भरपाई आधिकारीक व्यक्तिबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ ।
- मूल्य अभिबृद्धि कर (VAT) लाग्ने बस्तु तथा सेवा खरिद गर्दा रु २०,०००।– भन्दा बढी मूल्यको सामाग्रीमा अनिवार्य रुपमा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीबाट खरिद गर्नु पर्नेछ । साथै उक्त विलमा उल्लिखित मु.अ.कर बाहेकको रकममा १.५% अग्रीम आयकर बापत करकट्टि गरी बाँकी रकम मात्र सम्वन्धित सेवा प्रदायकलाई भुक्तानी हुनेछ । रु २०,०००।– भन्दा कम मूल्यको सामाग्री खरिदमा पान नम्वर लिएको व्यक्ति वा फर्मबाट खरिद गर्नु पर्नेछ । अन्यथा खरिद गर्ने पदाधिकारी स्वयम् जिम्मेवार हुनेछ ।
- डोजर रोलर लगायतका मेशिनरी सामान भाडामा लिएको एवम् घर बहालमा लिई विल भरपाई पेश भएको अवस्थामा १०% प्रतिशत घर भाडा कर एबम् बहाल कर तिर्नु पर्नेछ ।
- प्रशिक्षकले पाउने पारिश्रमिक एवम् सहभागीले पाउने भत्तामा प्रचलित नियमानुसार कर लाग्नेछ ।
- निर्माण कार्यको हकमा शुरु लागत अनुमानका कुनै आईटमहरुमा परिर्वतन हुने भएमा अधिकार प्राप्त व्यक्ति÷कार्यालयबाट लागत अनुमान संसोधन गरे पश्चात मात्र कार्य गराउनु पर्नेछ । यसरी लागत अनुमान संशोधन नगरी कार्य गरेमा उपभोक्ता समिति÷समुहने जिम्मेवार हुनेछ ।
- उपभोक्ता समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका ख्प्ने सामानहरु मर्मत संभार समिति गठन भएको भए सो समितिलाई र सो नभए सम्बन्धित कार्यालयलाई बुझाउनु पर्नेछ । तर मर्मत समितिलाई बुझाएको सामानको विवरण एक प्रति सम्वन्धित कार्यालयलाई जानकारीको लागि बुझाउनु पर्नेछ ।
- भवन टृष्ट जस्ता भौतिक संरचना निर्माणको लागि सम्झौता गर्न आउदा भवन टृष्टको नक्सा पास गरेको प्रमाण पेश गर्न पर्नेछ ।

**माथि उल्लेख भए बमोजिमका शर्तहरु पालना गर्न हामी निम्न पक्षहरु मन्जुर गर्दछौं ।**

**उपभोक्ता समितिको तर्फबाट**

| सि. नं | पद | नाम/थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | अमर सिंह बस्नेत | (हस्ताक्षर) |
| २ | सचिब | प्रजिता बस्नेत | (हस्ताक्षर) |
| ३ | कोषाध्यक्ष | सलिना बस्नेत | |

**कार्यालयको तर्फबाट**

गीता तामाङ

| | | | | |
|---|---|---|---|---|
| दस्तखत | Gtamang | | दस्तखत | (हस्ताक्षर) |
| नाम | गीता तामाङ | | नाम | दिपक कुमार के.सी. |
| पद | स. कम्प्युटर अपरेटर | | पद | यो.अ. तथा प्रशासकीय अधिकृत |
| मिति | २०७८-१२-२३ | २०७८-१२-२३ | मिति | २०७८-१२-२३ |

# दक्षिणकाली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, बागमती प्रदेश,नेपाल

## टिप्पणी आदेश

पत्र संख्या : २०७८/०७९ मिति : २०७९-२-१८

योजना दर्ता नं :१३९३

चलानी नं . :

**विषय:-अन्तिम भुक्तानी सम्बन्धमा ।**

श्रीमान्

यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार मिति २०७८-१२-२३ मा यस कार्यलय र **कृषि कुलो तथा बाटो उपभोक्ता समिति** बिच संझौता भई यस नगरपालिकाको वडा नं ३ मा **ड्रेन निर्माण, तल्लो बस्नेत टोल** योजना संचालनको कार्यदिश दिइएकोमा मिति २०७९-१-३० मा तोकिएको काम सम्पन्न गरी उपभोक्ता समितिको मिति २०७९-०२-०३ मा बैठक बसी आम्दानी खर्च अनुमोदन तथा सार्बजनिक गरी सार्बजनिक परिक्षण समेत गरेको र अनुगमन समितको मिति २०७९-०२-०३ मा बैठक बसी योजनाको अन्तिम भुक्तानीको लागि सिफारिस गरेको र उपभोक्ता समितिले योजनाको बिल भरपाई प्राबिधिक मुल्यांकन तथा योजनाको फोटोसहित यस नगरपालिकामा पेश गरी उक्त योजनाको भुक्तानीका लागि माग भई आएकाले तपशिल अनुसारको रकम भुक्तानी दिन मनासिब देखिएकाले श्रीमान् समक्ष निणयार्थ यो टिप्पणी पेश गरको छु ।

**तपशिल**

| | |
|---|---|
| बिनियोजन श्रोत र व्याख्या: | ११५ औं कार्यपालिकाबाट विनियोजित रकम । |
| योजनाको कुल अनुदान रकम : | रु. ५०००००० |
| योजनाको कुल लागत अनुमान : | ५४१३००.०००० |
| भुक्तानी दिनु पर्ने कुल रकम: | रु. ४८२५०० |
| योजनाको मुल्यांकन मिति : | २०७९-०२-०३ |
| योजनाको मुल्यांकन रकम : | रु. ५३५९०६.४९ |
| मुल्यांकन अनुसार हाल सम्म भुक्तानी लगेको कुल रकम : | रु. ० |
| पेश्की भुक्तानी लगेको कट्टी रकम : | रु. ० |
| भुक्तानी घटी कट्टी रकम | ० |
| कन्टेन्जेन्सी कट्टी रकम : | रु. १४४७५ |
| मर्मत सम्हार कोष कट्टी रकम : | रु. ० |
| मु.अ कर | रु . ० |
| अग्रिम आय कर | रु . ० |
| सा.सु कर | रु . ० |
| अन्य कट्टी | रु . ० |
| नया कर | रु . ० |
| जम्मा कट्टी रकम : | रु. १४४७५ |
| हाल भुक्तानी दिनु पर्ने खुद रकम : | रु.४६८०२५ |

तयार गर्ने
गीता तामाङ
स. कम्प्युटर अपरेटर

सदर गर्ने
दिपक कुमार के.सी.
यो.अ. तथा प्रशासकीय
अधिकृत

म.ले.प.फा.नं. १७३

नेपाल सरकार

# डोर हाजिर फाराम

भाग १

कामको विवरण: ड्रेन निर्माण

ठाउँको नाम: तल्लो बलेत टोल द.न.पा.-३ सौखेल

फाराम नं. ..................

मिति २०७८।१२।२८ देखि २०७९।२।१३

| क्रम संख्या | कामदारको किसिम | नाम, थर र वतन | बाबुको नाम | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ | ३२ | जम्मा काम गरेको दिन | दर | जम्मा पाउने रकम | १% सामाजिक सुरक्षा कर | रकम बुझिलिनेको सहिछाप | भुक्तानी दिनेको सहि र कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | मिस्त्री | हेमराज मगर | हरि मगर | P | P | P | P | P | . | . | P | P | P | P | P | | P | | P | | P | | P | | P | P | P | P | | | | | | | | १८ | १०८० | १९४४०। | १९४४। | [signature] | |
| २. | मिस्त्री | बिबण के.सी. | मोतिदास | P | P | . | P | | P | P | | P | | P | | P | P | P | P | P | | P | | P | P | P | | P | | | | | | | | १७ | १०८० | १८३६०। | १८३६। | [signature] | |
| ३. | मिस्त्री | मोहन वली | पहलाल वली | P | P | P | | P | P | P | P | | P | | P | P | | P | | P | P | | P | P | | | P | P | | | | | | | | १७ | १०८० | १८३६०। | १८३६। | Mohan | |
| ४. | ज्यामी | प्रदिप के.सी. | मोतिदास | P | P | P | P | P | P | P | | P | P | P | P | P | P | | P | P | P | P | P | | | | | | | | | | | | | १८ | ७९० | १४२२०। | १४२२। | [signature] | |
| ५. | ज्यामी | क्रिस के.सी. | मोतिदास | P | | P | | P | | P | | P | | P | P | P | | P | P | | P | P | | P | P | P | P | P | | | | | | | | १७ | ७९० | १३४३०। | १३४३। | [signature] | |
| ६. | ज्यामी | कृष्ण सिह | गणेश वहादुर | | P | P | P | | P | | P | | P | P | | P | P | | P | P | P | P | P | | | P | P | P | | | | | | | | १७ | ७९० | १३४३०। | १३४३। | [signature] | |
| ७. | ज्यामी | पुतली सिह | गणेश वहादुर | P | P | | P | P | | P | P | | P | P | | P | P | | P | P | | P | P | | P | | P | P | | | | | | | | १७ | ७९० | १३४३० | १३४३ | [signature] | |
| ८. | ज्यामी | कृष्ण कुमारी सिह | गणेश वहादुर | P | P | P | | | P | P | P | P | | | P | | | P | P | P | P | | | P | P | P | P | P | | | | | | | | १७ | ७९० | १३४३० | १३४३। | [signature] | |
| ९. | ज्यामी | दिपक वली | मोतिलाल | P | | | P | P | | | | P | P | P | P | P | P | | | | P | P | P | P | | | | P | | | | | | | | १४ | ७९० | ११०६०। | ११०६। | Dipak | |
| १०. | ज्यामी | घनश्याम डाँगी | कृष्ण डाँगी | P | | | P | P | | | | P | P | P | P | P | P | | | | P | P | P | P | | | | P | | | | | | | | १४ | ७९० | ११०६० | ११०६= | ghansh | |
| ११. | ज्यामी | सानु मगर | साकु मगर | P | | | P | P | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | ३ | ७९० | २३७० | २३७ | Sanu | |
| १२. | ज्यामी | अर्जुन मगर | दिनेश मगर | P | | | P | P | | | | | P | P | | | | | | | | | | | | | | | | | | | | | | ५ | ७९० | ३९५० | ३९५ | Arjun. | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | १५२५४०।= १३५१६०। | | | |

स्थान: द.न.पा.-३ तल्लो बलेत टोल

मिति: २०७८।१२।२८

यो हाजिरी फाराम अनुसारको जम्मा दिनु पर्ने रकम: १३५१६०।-

भुक्तानी नभएको रकम: ..................

भुक्तानी रकम: १३५१६०।-

मिति: २०७९।२।१३

भुक्तानी दिनको दस्तखत: [signature]

साक्षी (प्राविधिक कर्मचारी):

स्वीकृत भएको रु. १३५१६०।- अक्षरेपि रु. एकलाख पैंतिस हजार एक सय साठी मात्र।-

स्वीकृत गर्नेको दस्तखत: [signature] २०७९।०२।१३

दर्जा: ..................

मिति: ..................

प्रचण्डमान सिंह बस्नेत
वडा अध्यक्ष

दक्षिणकाली नगरपालिका
३ नं. वडा कार्यालय
सेतीदेवी, काठमाडौं
बागमती प्रदेश
२०७३





# धन्यवाद ।

केहि जिज्ञासा ?